'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : ५२ शनिवार ०३ कार्तिक, २०८१ 19 (Saturday) October 2024 पृष्ठ ४, मूल्य रु : १०।-

## आज कोहलपुर उद्योग बाणिज्य संघको निर्वाचन

# निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्न/गराउन निर्वाचन अधिकृतको जोड

भीम रावत

कोहलपुर, कार्तिक/०२

आज(शनिबार) कोहलपुर उद्योग बाणिज्य संघको निर्वाचन सम्पन्न हुन लागिरहेको छ । उद्योग बाणिज्य संघको नवनिर्मित आफ्नै भवनको हलमा मतदान हुने व्यवस्था गरिएको निर्वाचन अधिकृत अधिवक्ता जगतजंग बुढाथोकीले जानकारी गराएका छन् । निर्वाचन अधिकृत बुढाथोकीले भने, 'हामीले नवनिर्मित भवनको सभाहलमा मतदान गराउँदा सो हलको मूलढोका बाहिर उम्मेदवारहरुका एजेण्टहरु बस्ने व्यवस्था गरेका छौं । एजेण्टहरुले मतदाता पहिचान गरे पश्चात हलको मूलढोकाबाट मतदाताहरु सभाहल भित्र प्रवेश गर्नुहुन्छ । हल भित्र चार स्थानमा चारवटा बुथ रहने र चारै वटा बुथबाट मतदान गराउने गरी व्यवस्थापन गरिएको छ । मतदाताहरुले मतदान गरिसके पछि हलको उत्तर तर्फको ढोकाबाट बाहिर निस्कने व्यवस्था गरिएको छ' । अधिकृत




बुढाथोकीले, 'यस पटकको निर्वाचनमा समूहगत उम्मेदवारी बाहेक व्यक्तिगत (स्वतन्त्र) उम्मेदवारी कसैको नभएका कारण एजेण्टहरुले मतदाता पहिचान गर्ने काम छिटो हुने र त्यस्ले निर्वाचन पनि सहज हुने अनुमान गरेको' बताए । कोहलपुर उद्योग बाणिज्य संघको नयाँ कार्यसमितिका लागि हुन लागेको यो निर्वाचनलाई स्वच्छ, निक्षपक्ष, स्वतन्त्र, लोकतान्त्रिक, पारदर्शी र विश्वशनिय रुपमा सम्पन्न गराउन सरोकारवालाहरुका प्रतिनिधिमुलक सहभागितामा परामर्श गरी निर्वाचन आचार संहिता तयार पारिएको हुँदा यो आचारसंहिता सरोकारवाला सबै पक्षहरुले पालना गर्ने/गराउने कुरामा निर्वाचन समिति विश्वास गर्दछ । यदि कसैले निर्वाचनका लागि तोकिएको आचारसंहिता उलङ्घन गरेमा सोही संहिताको दफा ४ मा गरिएको व्यवस्था अनुसार भै जाने कुरा पनि म सबै सरोकारवालाहरुलाई निवेदन गर्न चाहन्छु' । नेपाल टेलिकम जाने रोडबाट वाणिज्य संघको कार्यालय जाने बाटो, सो बाटोको उत्तर तर्फ संचयकोषको कार्यालयको गेट सम्मको स्थानलाई निर्वाचन क्षेत्र र संघको भवन प्रवेश गर्ने मुलगेटबाट मतदान स्थल निर्धारण गरिएकाले आचारसंहिता अनुसार तोकिएको निर्वाचन क्षेत्र र निर्वाचन स्थलमा आचार संहिताको पूर्ण पालना गराइने निर्वाचन अधिकृत बुढाथोकीले दाबी गरे । साथै बुढाथाकीले भने, 'एजेण्टहरुले मतदाताहरुको पहिचान गरिसके पश्चात मतदान स्थलमा प्रवेश गर्दा मतपत्र तथा मतपेटिकाहरुमा कुनै संकेत गर्ने, फोटो खिच्ने, वा नष्ट गर्ने , गराउन सक्ने बस्तुहरु जस्तो मोबाइल, क्यामरा, पानीको बोतल, तथा कुनै पनि प्रज्वलित सामाग्रीहरु लिन पूर्णरुपमा निषेध गरिएको छ' । निर्वाचन अधिकृत बुढाथोकीका अनुसार आज सम्पन्न हुने संघको निर्वाचनमा बस्तुगत मतदाता १५ जना, एशोसिएट मतदाता ५५ जना र साधारण मतदाता १ हजार ६ सय १७ जना गरी जम्मा मतदाता १ हजार ६ सय ८७ जना रहेका र मतदान बिहान ८ बजे देखि अपरान्न ४ बजे सम्म हुने छ ।

## सहकारी ठगी प्रकरण :

# रास्वपा सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछाने पक्राउ

नमस्ते समचारदाता

काठमाडौं, कार्तिक/०२



सहकारी ठगी प्रकरणमा अनुसन्धानका लागि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति एवं पूर्वउपप्रधान तथा गृहमन्त्री रवि लामिछाने पक्राउ परेका छन् । प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोका एसपी होबिन्द्र बोगटीको नेतृत्वको टोलीले उनलाई रास्वपाको पार्टी कार्यालय बनस्थलीबाट पक्राउ गरेको हो । लामिछानेले १८.४५ बजे पक्राउ पुर्जी बुझेर कागजमा हस्ताक्षर गरेका थिए । उनलाई स्थलमार्गबाट पोखरा पुऱ्याइउको हो । जिल्ला अदालत कास्कीका न्यायाधीश कृष्णजंग शाहको इजलासले लामिछानेलाई पक्राउ गर्न शुक्रबार अनुमति दिएको हो । लामिछानेमाथि अनुसन्धान गर्नका लागि जिल्ला प्रहरी कार्यालय कास्कीले माग गरे अनुसार अदालतले पक्राउ पुर्जी जारी गरेको हो । अदालतबाट पक्राउको अनुमति पाएपछि कास्की प्रहरीले केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी), काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय र जिल्ला प्रहरी कार्यालय काठमाडौंलाई पक्राउ गरी पठाइदिन पत्राचार गरेको थियो । कास्की प्रहरीको पत्र आएपछि उनलाई प्रहरीले पक्राउ गरेको हो । गोर्खा मिडियाका तत्कालीन प्रबन्ध निर्देशक समेत रहेका लामिछानेले गीतेन्द्रबाबु (जीबी) राईसँग मिलेर सहकारीको पैसा अपचलन गरेको संसदीय छानबिन विशेष समितिले निष्कर्ष निकालेको थियो । प्रतिवेदनले गोर्खा मिडिया नेटवर्कका तत्कालीन प्रबन्ध निर्देशक लामिछाने, अध्यक्ष जीबी राई, तत्कालीन उपाध्यक्ष तथा नेपाल प्रहरीका पूर्वनायब महानिरीक्षक (डीआईजी) छविलाल जोशी र सञ्चालक कुमार रम्तेल विरुद्ध ठगी, किर्ते, संगठित अपराध र सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुर आकर्षित हुने गरी अनुसन्धान गर्न सिफारिस गरेको थियो । उक्त सिफारिसपछि जोशी गत असोज ६ गते नै पक्राउ परिसकेका छन् । उनी अहिले पुर्पक्षका लागि थुनामा छन् । पोखराको सूर्यदर्शन सहकारीको बचत अपचलन आरोपमा जोशीलाई काठमाडौंको शंखमूलबाट पक्राउ गरी कास्की लगिएको थियो । लामिछानेलाई पनि त्यही प्रकरणमा पक्राउ गरी काठमाडौंबाट पोखरा लगिएको हो ।

बाँकी ३ पेजमा...

# सुईना कर्णालीले "रारा–खत्याड गोल्ड–कप" प्रतियोगिता गराउने

नमस्ते समचारदाता

मुगु, कार्तिक/०२

मुगु जिल्लामा बि.स.२०७८ सालमा दर्ता भै विभिन्न सामाजिक तथा चेतनामुलक कामहरु गर्दै आइरहेको सुईना कर्णाली (कर्णालीको सपना) भन्ने संस्थाले यही कार्तिक ७ गते देखि "प्रथम रारा-खत्याड च्याम्पेनसिप गोल्ड-कप प्रतियोगिता" सञ्चालन गर्ने लागेको जानकारी गराएको छ । खत्याड गाउँपालिका वडा नं ३ र सुईना कर्णाली मुगुको संयुक्त आयोजना तथा खत्याड गाउँपालिकाको सहयोगमा सो प्रतियोगिता गराउन लागेको सुईना कर्णालीका अध्यक्ष अनिल बानिँयाले जानकारी गराए । प्रतियोगिता पुरुष खुला तर्फ फुटबल र भलिबल तर्फ महिला/पुरुष खुला रहने बताइएको छ । खत्याड गाउँपालिका-३ जुगामा रहेको कालिका माध्यामिक विद्यालयमा




यो प्रतियोगिता हुने आयोजना गरिएको हो । "प्रथम रारा-खत्याड च्याम्पेनसिप गोल्ड -कप प्रतियोगिता" मुगुमा पर्यटक समेतको आकर्षणको केन्द्र बनाउने उद्देश्यले आयोजना गर्न लागेकाले सबै खेल प्रेमी दर्शकहरुलाई आमन्त्रण गरिएको र इच्छुक खेलाडीहरुले आफ्नो टिम बनाई यही कार्तिक ७ गते विहान १० बजे भित्र आफ्नो टिम दर्ता गरिसक्नु पर्ने छ । टिम दर्ता गराउँदा फुटबल खेलका लागि १२ जना खेलाडी र एक जना व्यवस्थापक गरी १३ जना र भलिभल खेलका लागि ९ जना खेलाडी र एक जना व्यवस्थापक गरी १० जना सहितको नाम समावेश गर्नु पर्ने छ । फुटबल टिमको दर्ता शुल्क रु चार हजार र भलिबल टिमको दर्ता शुल्क रु पच्चीस सय रहेको छ । साथै खेलाडी र व्यवस्थापक समेतको खाना र बासको आफै व्यवस्था गर्नु पर्ने आयोजकले जानकारी गराएका छन् । प्रतियोगितामा फुटबलमा प्रथम हुने टिमले नगद रु साठी हजार, कप, मेडल र प्रमाणपत्र पाउने छन् । त्यस्तै दोश्रो हुने टिमले नगद रु बीस हजार, मेडल र प्रमाणपत्र पाउने छन् भने तेश्रो हुने टिमले मेडल सहित प्रमाणपत्र पाउने छन् । त्यस्तै भलिबल तर्फ प्रथम हुने टिमले नगद रु तीस हजार, मेडल र प्रमाणपत्र पाउने छन् । दोश्रो हुने टिमले नगद रु दश हजार, मेडल र प्रमाणपत्र तथा तेश्रो हुने टिमले मेडल र प्रमाणपत्र पाउने छन् । साथै खेल प्रतियोगितामा उत्कृष्ट खेलाडीहरुलाई समेत विशेष पुरस्कारको व्यवस्था गरिएको आयोजक संस्था सुईना कर्णालीका अध्यक्ष अनिल बानिँयाले नमस्ते कर्णाली समाचारदातालाई जानकारी गराएका हुन ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई

सम्झनुहोला।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.

सम्पर्क : कोहलपुर-११, बाँके

ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट

कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय

## दानदातव्य संहिता पनि हुन्छ होला नि !

नेकपा एमाले पार्टीले नेपालका एक ठूला व्यवसायी घरानाबाट काठमान्डौंको किर्तिपुरमा अरबौं रकम मुल्य पर्ने जग्गा दानदातव्य वापत प्राप्त गरेको छ। विवादित ब्यापारीबाट सरकारको नेतृत्व गरिरहेको पार्टीले यही समयमा त्यस्तो दान स्वीकार गर्नु घुस लिनु सरह हो भन्ने मत यतिबेला चर्चामा रहेकै छ। दानदातव्य दिने ब्यापारीले जग्गा मात्र दान गरेनन्। उनले त्यही जग्गामा एमाले पार्टीको केन्द्रीय कार्यालयका लागि आवश्यक पर्ने सबै संरचना सहितको पचासौं करोड पर्ने भवन नै निर्माण गरी आगामी वर्ष एमालेलाई हस्तान्तरण गर्ने बाचा समेत गरेका छन्। अहिले धेरैले प्रश्न गर्ने ठाउँ किन पनि बन्यो भने, एक त ती मीन बहादुर गुरुङ भन्ने ब्यापारी आफैं पनि विवादित व्यवसायी हुन। जस्को नाममा बालुवाटारको सरकारी जग्गा किनबेच गरेको र त्यसमा बिचौलियाको समेत काम गरेको उनी माथि आरोप छ। त्यही विषयमा सर्वोच्च अदालतमा उनी माथि लागेको मुद्दा बिचाराधिन नै छ। यस्तो विवादित ब्यापारी अझ अदालतमा सरकारी जग्गा विवादमा मुद्दा खेपिरहेको व्यक्ति सँग अरबौं मुल्यको जग्गा दानमा स्वीकार गर्नु निस्वार्थ दानदातव्य हो भनेर पत्याउन कोही तयार छैनन् । एमाले पार्टी भित्रै पनि यो विषयमा विवाद नै देखिन्छ । देशको प्रधानमन्त्री, उनको पार्टी , मन्त्रीहरु तथा सरकारी उच्च ओहोदामा बसेको समयमा कुनै व्यक्ति, संस्था वा निकायहरुबाट अस्वभाविक दान दानदातव्य लिनु हुँदैन भन्ने त आचार संहिता छ नि है । आचारसंहिता भनेको कानून सरह होइन र ? अनि यो उलङ्घन गर्नेलाई के कारबाही हुन्छ र कसले कारबाही गर्छ त अब ? कि शक्ति र पदमा भएको बेला जे पनि गर्न पाइने हो र ? दानदातव्य कस्तो व्यक्तिले दिएको, कुन समय र परिस्थितिमा दिएको स्वीकार गर्ने ? कि आफू पद र शक्तिमा रहेको बेला नियम कानून सबैलाई धोतीले छोपिदिने हो र ? यति बेला जनताले एमाले माथि रिस गरेर मात्र प्रश्न उठाएका होइनन् होला नि। यस विषयमा गम्भिर भएर सोच्ने भन्दा पनि विरोधी आवाजहरुको प्रतिकार गर्ने पो सिकाउँछन् त नेताहरु । गोर्वाचोभ रिसियन कम्युनिष्ट पार्टीको सर्वोच्च नेता र राष्ट्पति पदमा आसिन भएकै बेला त्यहाँको कम्युनिष्ट पार्टी र संसारलाई थर्कमान बनाइरहेको सोभियतसंघ समाप्त भएको इतिहास सम्झाइरहनु पर्ला र ?

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा, मुगु

# बालअधिकारको कमजोर कार्यान्वयन



प्रवीनकुमार यादव



बालबालिका राष्ट्रका भविष्य हुन् । तिनका अधिकारको संरक्षण गर्नु राष्ट्रको समग्र विकासका लागि अत्यन्त महत्त्वपूर्ण हुन्छ । नेपालले बालबालिकाका अधिकारहरूको रक्षा गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डसँग मेल खाने विभिन्न कानुन र नीतिहरू स्थापना गरेको छ । यी अधिकारहरू शिक्षा, स्वास्थ्य, शोषणबाट सुरक्षा र सामाजिक मामिलामा सहभागी हुने जस्ता महत्वपूर्ण क्षेत्रमा लागू हुन्छन् । तर, मुख्य प्रश्न भनेको यी अधिकारहरू वास्तवमा व्यवहारमा कार्यान्वयन हुन्छन् कि हुँदैनन् भन्ने हो । नेपालको संविधान, २०७२ ले बालबालिकाका अधिकारहरूको विस्तृत रूपरेखा प्रदान गरेको छ । विशेषगरी, धारा ३० ले बालबालिकाका अधिकारहरूलाई सम्बोधन गरेको छ । यसमा बालबालिकाका केही प्रमुख अधिकारहरू समावेश छन्, जस्तै पहिचान र जन्म दर्ताको अधिकार धारा ३०(१), हरेक बालबालिकालाई नाम, पहिचान र जन्म दर्ताको सुनिश्चितता दिन्छ । यो अधिकार शिक्षा, स्वास्थ्य सेवा र सामाजिक सुरक्षाजस्ता अन्य अधिकारहरूमा पहुँचको लागि अत्यावश्यक छ । शिक्षा प्राप्त गर्ने अधिकार धारा ३(२) ले सबै बालबालिकालाई निःशुल्क र अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको ग्यारेन्टी दिन्छ । स्वास्थ्यको अधिकार धारा ३०(३) ले राज्यबाट बालबालिकालाई आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्छ, जसले गर्दा बालबालिकालाई आवश्यक परेको बेला उचित उपचार प्राप्त हुन्छ । संरक्षणको अधिकार धारा ३०(४) ले बालबालिकालाई हानिकारक सांस्कृतिक अभ्यास, शोषण, र हिंसाबाट जोगाउने ग्यारेन्टी गर्छ, जसमा बाल श्रम र बालविवाहसमेत समावेश छन् । विकासको अधिकार धारा ३०(५) ले बालबालिकालाई उचित हेरचाह, पोषण, र समग्र कल्याण प्रवर्द्धन गर्न विकास सुविधाहरूको अधिकार सुनिश्चित गर्छ । बाल श्रमबाट सुरक्षा धारा ३०(६) ले बालबालिकालाई कारखाना, खानी वा अन्य कुनै पनि जोखिमपूर्ण काममा काम गर्न रोक लगाउँछ । सहभागी हुने अधिकार धारा ३०(७) ले बालबालिकालाई आफ्नो उमेर र परिपक्वताको आधारमा आफ्नो चासोका निर्णयहरूमा सहभागी हुने अधिकार प्रदान गर्छ । यी संवैधानिक अधिकारहरूले नेपालमा बालबालिकाको संरक्षणका लागि सुदृढ आधार प्रदान गर्छन्, तर के यी प्रावधानहरू वास्तविक संसारमा संरक्षणमा परिणत हुन्छन् तर बालबालिकाका संवैधानिक अधिकारहरूलाई समर्थन गर्न केही राष्ट्रिय कानुनहरू रहेका छन् । बालबालिका ऐन, २०७५ ले बालबालिकाका अधिकारका सबै पक्षहरूलाई समेट्छ, जसमा तिनको संरक्षण, विकास र सहभागिता समावेश छ । यसले १८ वर्षमुनिका व्यक्तिलाई बालबालिका भनी परिभाषित गर्छ र बालबालिकाको कल्याणको लागि अभिभावक, संरक्षक, र राज्यलाई जिम्मेवारी दिन्छ। यस ऐनको दफा ७ ले हरेक बालबालिकालाई शिक्षा, स्वास्थ्य, र पारिवारिक हेरचाहमा पहुँचको सुनिश्चितता दिन्छ । दफा १४ ले बाल श्रम र शोषणलाई निषेध गर्छ । दफा १६ ले कानुनविपरीत रहेका बालबालिकालाई वयस्कको रूपमा नभई हेरचाहका साथ व्यवहार गर्न जुभिनेल अदालतको स्थापना गर्न अनिवार्य गर्छ । दफा २६ ले शारीरिक र मानसिक दुर्व्यवहारसहित हानिकारक अभ्यासहरूबाट बालबालिकाको सुरक्षा गर्न केन्द्रित गर्छ । बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ ले १४ वर्ष मुनिकालाई जोखिमपूर्ण काममा काम गर्न रोक लगाएको छ । १४-१८ वर्ष उमेरसमूहका लागि यो ऐनले काम गर्ने अवस्थाहरूलाई नियमन गर्छ । शिक्षा ऐन, २०२८ ले संविधानले सुनिश्चित गरेको सबै बालबालिकालाई माध्यमिक तहसम्म निःशुल्क र अनिवार्य शिक्षा सुनिश्चित गर्छ । राष्ट्रिय बालबालिका नीति, २०८० ले बालबालिकाको अस्तित्व, विकास, संरक्षण र सहभागितामा केन्द्रित छ, जसले हिंसा, शोषण र उपेक्षालाई घटाउन र शिक्षा तथा स्वास्थ्यलाई प्रवर्द्धन गर्न जोड दिन्छ । नेपालले बालबालिकाका अधिकारको रक्षा गर्नका लागि केही अन्तर्राष्ट्रिय सन्धि र महासन्धिहरूमा पनि हस्ताक्षर गरेको छ । बालबालिका अधिकार महासन्धि (सीआरसी) जसलाई नेपालले अनुमोदन गरेको थियो । यसमा जीवन, शिक्षा, संरक्षण र सहभागितासहितका विभिन्न बालअधिकार उल्लिखित छन् । यस सन्धिको पालना गर्न नेपाल बाध्य छ र बालअधिकारको कार्यान्वयन प्रगतिका बारेमा नियमित रूपमा संयुक्त राष्ट्रसंघलाई रिपोर्ट गर्छ । आईएलओ महासन्धि नं. १३८ र १८२ ले रोजगारको न्यूनतम उमेर र बाल श्रमका खराब रूपहरू उन्मूलनमा केन्द्रित छ । महिलाहरूको विरुद्ध सबै प्रकारका विभेद उन्मूलनसम्बन्धी महासन्धिले बालविवाह रोक्न र शिक्षामा, स्वास्थ्यमा र सहभागितामा बालिकाहरूका समान अधिकारहरू सुनिश्चित गर्न केन्द्रित छ । तर, यी बालअधिकारहरूको कार्यान्वयनमा नेपालमा केही चुनौती छन् । धारा ३०(१) ले जन्म दर्ताको ग्यारेन्टी गरे तापनि धेरै बालबालिका, विशेषगरी ग्रामीण क्षेत्रहरूमा, अझै दर्ता भएका छैनन् । यसमा जनचेतनाको अभाव, जटिल दर्ता प्रक्रिया र गरिबीले गर्दा विशेष मर्का पुऱ्याएको छ। जसले गर्दा बालबालिकालाई शिक्षा, स्वास्थ्य सेवा र कानुनी सुरक्षा प्राप्त गर्न चुनौतीको सामना गर्नु परिरहेको छ । धारा ३०(२) ले निःशुल्क र अनिवार्य शिक्षाको व्यवस्था गरे तापनि गरिबी, बाल श्रम र ग्रामीण क्षेत्रमा अपर्याप्त शैक्षिक पूर्वाधारका कारण विशेषगरी गरिबी रेखामुनि रहेका समुदायका बालबालिकाले विद्यालय जान संघर्ष गर्नु परेको छ । शिक्षा ऐनले सबैको लागि शिक्षा सुनिश्चित गरे तापनि स्रोतहरूको अभाव, शिक्षकहरूको कमी र सामाजिक-आर्थिक असमानताले पूर्ण कार्यान्वयनमा अवरोध पुऱ्याउँछ। बाल श्रम नेपालमा अझै व्यापक समस्याका रूपमा देखिन्छ, यद्यपि बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ ले यसलाई निषेध गरेको छ। बालबालिका प्रायः ईंटा उद्योग, कृषि, र घरेलु कामजस्ता जोखिमपूर्ण उद्योगहरूमा काम गरिरहेको पाइन्छ । बाल श्रममा कानुनको कार्यान्वयन विशेषगरी दुर्गम क्षेत्रमा कमजोर रहेको छ, जहाँ श्रम निरीक्षकहरू विरलै जान्छन् । आर्थिक कठिनाइले धेरै परिवारलाई बालबालिकालाई विद्यालयको सट्टा काममा पठाउन बाध्य पार्छ । कानुन भए तापनि यसको कार्यान्वयन असमान रहन्छ । बालविवाह नेपालमा अझै पनि, विशेषगरी ग्रामीण र पिछडिएका समुदायहरूमा प्रचलित छ, यद्यपि धारा ३०(४) र महासन्धिका प्रावधानहरूले यसलाई रोक्न दस्तावेज रूपमा व्यवस्था गरेका छन् ।

*– अन्नपूर्ण*

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पडेक्षा, कालीकोट

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पलाँता, कालीकोट

# शुक्रबार र शनिबार बाँकेमा बालबालिकालाई भिटामिन 'ए' खुवाइँदै

नमस्ते समचारदाता
बाँके, कार्तिक/०२



बाँकेमा शुक्रबार(हिजो) र शनिबार(आज) बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधी खुवाइँदैछ। जिल्लामा भिटामिन 'ए' खाने छ देखि ५९ महिना उमेरसम्मका ४६ हजार ४८० जना बालबालिका रहेको स्वास्थ्य कार्यालय बाँकेका सूचना अधिकारी नरेश श्रेष्ठले जानकारी दिएका छन्। यस्तै ४१ हजार १९६ जना बालबालिकालाई जुकाको औषधी पनि खुवाइने भएको छ। एक वर्षदेखि ५ वर्षसम्मका बालबालिकालाई जुकाको औषधी खुवाइने श्रेष्ठले बताए। बाँकेका जिल्लाका ८ वटा पालिकामध्ये सबैभन्दा बढी नेपालगन्ज उपमहानगरपालिकामा १२ हजार १५ जना बालबालिकालाई भिटामिन ए क्याप्सुल खुवाइदैछ भने १० हजार ६२१ जना बालबालिकालाई जुकाको औषधि खुवाइँदैछ। सबैभन्दा कम जानकी गाउँपालिकाका ४ हजार १३ जना बालबालिकालाई भिटामिन ए क्याप्सुल र ३ हजार ५४८ बालबालिकालाई जुकाको औषधि खुवाइदैछ। भिटामिन 'ए' र जुकाको औषधी खुवाउन जिल्लाभर ७ सय ८५ जना महिला स्वास्थ्य स्वयम्सेविका परिचालन गरिएको छ। जसमध्य नेपालगञ्ज उपमहानगरपालिकामा १९६, कोहलपुर नगरपालिका ७१, राप्ती सोनारी गाउँपालिकामा ११०, खजुरा गाउँपालिकामा १०८, जानकी गाउँपालिकामा ८१, नरैनापुर गाउँपालिकामा ६८, डुडुवा गाउँपालिकामा ५९ र बैजनाथ गाउँपालिकामा ९२ जना स्वयम्सेविका परिचालन गरिएको सूचना अधिकारी श्रेष्ठले बताए।

# अग्निपीडित परिवारलाई किर्डाकको सहयोग

नमस्ते समचारदाता
कालीकोट, कार्तिक/०२



कालीकोट जिल्लाको तिलागुफा नगरपालिका-६ जुबिथामा भएको आगलागी पीडितलाई सहयोग दिन सुरु भएको छ। बुधबार दिउँसो एक घरबाट सुरु भएको आगोले तीन घर जलेर नष्ट हुँदा २६ घर परिवार विस्थापित भएका थिए। आगलागी पीडित परिवारलाई कर्णाली एकीकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र (किर्डाक) नेपालले सहयोग प्रदान गरेको छ। किर्डाक नेपाल कालीकोटले प्लान नेपालको सहयोगमा पीडित परिवारलाई ब्लाङ्केट सहयोग गरेको हो। तिलागुफा नगरपालिका प्रमुख शङ्करप्रसाद उपाध्यायले अग्नीपिडितलाई किर्डाक नेपालले सबैभन्दा पहिला सहयोग गरेको बताउनुभयो। उहाँले पीडितको घाउँमा मलम लगाउने गरि सुरुमै सहयोग सामग्रीसहित पुग्ने किर्डाक नेपाल र रेडक्रस सोसाइटीलाई धन्यवाद दिनुभयो। किर्डाक नेपालका जिल्ला संयोजक तुलाराम पाण्डेले आफ्नो तर्फबाट पीडित परिवारलाई चिसोबाट बचाउन ब्लाङ्केट सहयोग भएको बताउनुभयो। रेडक्रसले त्रिपाल, र नगरपालिकाले तत्काल एक बोरा चामल लगाएत तत्काल खानाको व्यवस्था गरेको छ। नगर प्रमुख उपाध्यायले नगरको तर्फबाट चामल सहयोग भएको बताउनुभयो। उहाँले बाँकी सहयोग तत्काल गर्ने प्रतिक्रिया दिनुभयो। आगलागीबाट तीन घर पूरै जलेका छन्। नेपाली कांग्रेसका नेता मनराज शाहीको घरमा १३ परिवार बस्दै आएका थिए। चार तलाको घरमा १३ घर परिवार बस्थे भने अन्य घरमा पनि छुट्टाछुट्टै परिवार बस्दै आएकाले तीन घर जल्दा २६ घर परिवार विस्थापित भएको प्रहरीले जनाएको छ। घटनास्थल पुग्नुभएका जिल्ला प्रहरी कार्यालय कालीकोटका प्रमुख डिएसपी टेकवहादुर रावतले घर लामै भएकाले धेरै परिवार बसिरहेकाले संख्यामा तीन घर जलेपछि २६ परिवार विस्थापित भएको बताउनुभयो। आगलागीबाट नष्ट भएका तीन घरमा २६ परिवारका एक सय ५० जना परिवारका सदस्य आश्रित थिए। अहिले सबैको बास त्रिपालमुनि भएको छ। रेडक्रस कालीकोट शाखाका प्रतिनिधि धर्मराज शाहीले अग्निपीडितलाई सबैतिरबाट सहयोगको खाँचो रहेको बताउनुभयो।

# सडक मर्मत भएसँगै आवतजावत सहज



नमस्ते समचारदाता
बाजुरा, कार्तिक/०२

बाजुराको साँफे मार्तडी सडक अन्तर्गत बार्जुगाडदेखि मार्तडी सडकको मर्मत भएसँगै आवतजावतमा सहजता आएको छ। यस सडकमा खाल्टाखुल्टी भएकाले पछिल्लो समय यहाँ चल्ने सवारीसाधन र यात्रीले कष्टकर यात्रा गर्नुपर्ने बाध्यता थियो। अहिले सडकमा भएको खाल्टाखुल्टी पुर्ने गरी सडक डिभिजन कार्यालय अछामले मर्मत कार्य अगाडि बढाएपछि यहाँ चल्ने सवारीसाधनलाई आवतजावतमा सहजता आएको छ। बाजुराको इकडीगाडदेखि मार्तडीसम्मको झन्डै ४२ किलोमिटर सडक केही वर्ष पहिला कालोपत्रे भएको थियो तर समयमा स्तरोन्नति नहुँदा सडकको अवस्था कमजोर बनेको थियो। डिभिजन कार्यालयले त्यसमध्येको १६ किलोमिटर सडकको आवधिक मर्मत कार्य सुरु गरेको जनाएको छ। अविरल वर्षाका कारण सडक बिग्रिँदै गएकाले त्यसलाई बलियो पार्ने गरी सडकलाई कालोपत्रे गर्ने काम भइरहेको सडक डिभिजन कार्यालय अछामका सुपरभाइजर गोकुल गिरीले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "सडकमा भएको खाल्टाखुल्टीले आवतजावतमा समस्या हुँदै आएको थियो। अहिले सबै खाल्टाखुल्टी पुर्ने गरी कालेपत्रेको काम गरेपछि सहज भएको छ।" बार्जुगाडदेखि मार्तडीसम्मको झन्डै २७ किलोमिटर सडकमध्ये १६ किलोमिटर सडकमा कालोपत्रे काम पूरा भएको गिरीले बताउनुभयो। साँफेमार्तडी सडक कालोपत्रे भएको झन्डै १० वर्षपछि अहिले पुनः त्यसलाई कालोपत्रे गर्ने काम भएको हो। सडकको बिचमा गएको पहिरोका कारण केही ठाउँमा अहिले पनि सवारीसाधन चलाउन निकै सास्ती हुँदै आएको छ। बुढीगङ्गा नगरपालिका-२, ताँप्री सेरा, अम्कोट, बल्देलगायतका अधिकांश ठाउँमा बर्सातमा गएको पहिरोले सडक भत्केको थियो। ती ठाउँमा कालोपत्रे गर्ने काम समयमा हुन नसक्दा यात्रीले कष्टकर यात्रा गर्दै आउनु परेको थियो। त्यस सडकखण्डमा हिउँदमा केही महिना गाडी चल्ने र बर्सातमा फेरि गाडी रोकिँदै आउने गरेका छन्। यस सडकको ल्याब परीक्षण गर्नका लागि सडक विभागको केन्द्रीय टोलीसमेत यो ठाउँमा पुगेको थियो। अविरल बर्सातका कारण साँफे मार्तडी सडकको बिचमा पर्ने बार्जुगाड ताँप्री सेरा बल्दे अम्कोट, पानीनाउँलालगायतका धेरै ठाउँको सडकमा पहिरो गएको छ। पहिरो पन्छ्याएर सडक मर्मत गर्न ठुलो बजेटको खाँचो छ। यसका लागि रकम नआएकाले मर्मत गर्न समस्या भएको सडक डिभिजन कार्यालय अछामका प्रमुख नेत्र देवकोटाले बताउनुभयो। उहाँले भन्नुभयो, "यो कार्यालयमा प्रायः धेरै कार्यालय प्रमुख नै बस्न मान्दैनन्। उनीहरू केही दिनयता आउने र त्यसपछि तुरुन्तै अर्को ठाउँमा जाने गर्छन्। पाँच जना इन्जिनियरको कोटा भएको यहाँ अहिले म एक मात्र छु।" गत वर्षमा साँफे-मार्तडी सडकको आवधिक मर्मतका लागि केही रकम आएकाले यतिबेला त्यो रकमले झन्डै १६ किलोमिटर त्यो सडकको आवधिक मर्मत गर्ने काम भएको प्रमुख देवकोटाले बताउनुभयो।

## रास्वपा...

संसदीय समितिको प्रतिवेदनको परिच्छेद ८ मा सहकारी ठगी प्रकरण सहकारी ऐन २०७४, मुलुकी अपराध संहिताको किर्तेसम्बन्धी दफा, संगठित अपराध निवारण ऐन २०७० र सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन २०६४ का कानुन आकर्षित हुने उल्लेख छ। पोखराको सूर्यदर्शन, चितवनको साहारा, बुटवलको सुप्रिम र काठमाडौंको स्वर्णलक्ष्मी सहकारीबाट गोर्खा मिडियामा मात्र ६५ करोड ५४ लाख रुपैयाँ ल्याइएको थियो, कम्पनीमा अध्यक्ष जीबी राई र प्रबन्ध निर्देशक लामिछाने थिए। लामिछानेले गोर्खा मिडियामा १५ प्रतिशत 'स्वेट सेयर' लिएर प्रवेश गरेको र निस्कँदा त्यो सेयर कम्पनीलाई नै फिर्ता गरेको दाबी गरेका थिए। तर, यो रकम 'स्वेट सेयर' नभइ सहकारीको रकम भएको र उनी कम्पनीबाट बाहिरिने क्रममा पैसा लिन बुझाएका कागजातमा पनि किर्ते गरिएको प्रतिवेदनमा उल्लेख छ। संगठित तवरले किर्तेसमेत गरी सहकारी ठगी गरेको र त्यस्तो रकमबाटै गोर्खा मिडिया नेटवर्क सञ्चालन गरिएकाले सम्पत्ति शुद्धीकरण निवारण ऐनको कानुन अनुसार कारबाही हुने विषय प्रतिवेदनमा उल्लेख छ। एमाले सांसद सूर्य थापाको नेतृत्वमा गठित संसदीय समितिले सहकारीको बचत अपचलनमा उनीहरूलाई दोषी किटान गर्दै गत भदौ ३१ मा प्रतिनिधि सभामा पेस गरेको थियो। पेस लगत्तै कार्यान्वयनका लागि संसद्ले प्रतिवेदन सरकारलाई पठाएको थियो। जीबी अध्यक्ष र लामिछाने प्रबन्ध निर्देशक रहेको गोर्खा मिडिया नेटवर्कमा पोखराको सूर्यदर्शन, बुटवलको सुप्रिम, काठमाडौंको स्वर्णलक्ष्मी र चितवनको साहारा सहकारीका करिब ५० हजार सर्वसाधारणले बचत गरेको रकम सारिएको थियो।

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं।
ताँजाकोट गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:
आकर्षक
भित्ते घडी
यतिमात्र होईन... साथमा
बम्पर उपहार
रंगिन टिभी एकजनालाई
१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
...लपुर, न्यरोड बाँके फोन नं. ९८४७२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

# कार्यान्वयन हुने गरी नयाँ ठेक्का सम्झौता

नमस्ते समचारदाता
सुर्खेत, कार्तिक/०२




चालु आर्थिक वर्षबाट कार्यान्वयनमा ल्याउने गरी २२४ योजनाको ठेक्का सम्झौता गरिएको छ। स्रोत सुनिश्चितता गरेर बहुवर्षीय योजनाका रूपमा २२४ योजनाको सम्झौता गरिएको हो । यो वर्ष कर्णाली प्रदेश सरकारका ३५० योजनाको स्रोत सुनिश्चितता भएर ठेक्का सम्झौता हुने छन् । हालसम्म २२४ योजनाको ठेक्का सम्झौता गरिएको छ भने १२६ योजना ठेक्का सम्झौता प्रक्रियाको चरणमा रहेका छन् । अहिले नयाँ योजनाको ठेक्का सम्झौताको काम धमाधम भइरहेको प्रदेश भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले जनाएको छ । बहुवर्षीय तथा स्रोत सुनिश्चितताका लागि जिल्ला जिल्लाबाट थप २१ योजना पेस भएको मन्त्रालयका सूचना अधिकारी प्रवीण कार्कीले बताउनुभयो । उहाँका अनुसार जिल्ला जिल्लाबाट स्रोत सुनिश्चितताका लागि नयाँ योजना आउनेक्रम जारी छ । हालसम्म २१ वटा नयाँ योजना मन्त्रालयमा पेस भएको छ । कर्णाली प्रदेश सरकारले पुँजीगत खर्च बढाउन नयाँ नीति अवलम्बन गरेको छ। सोही नीति अनुरूप अहिले नयाँ योजनाको धमाधम ठेक्का सम्झौता भइरहेको छ। साउन मसान्तभित्र कार्ययोजना स्वीकृत गरिसक्नुपर्ने, पहिलो त्रैमासिकभित्रै कार्यविधि, मापदण्ड र निर्देशिका तर्जुमा निर्माण गर्नुपर्ने नीति सरकारको छ । यसै गरी सरकारले पहिलो चौमासिकभित्र ठेक्का व्यवस्थापनको काम सुरु गरिसक्ने जनाएको छ । मन्त्रालय र योजना आयोगको सिफारिसमा आगामी मङ्सिरभित्र रकम बाँडफाँट गर्नुपर्ने, बहुवर्षीय आयोजनाको ठेक्का अवधि तीन वर्ष रहने, योजनाको ठेक्का सम्झौता गर्दा एक चौथाइ बजेट विनियोजन गर्नुपर्ने नीति प्रदेश सरकारको छ । सरकारले छ महिनाभित्र बोलपत्र आह्वान नभए बहुवर्षीय आयोजना रद्द हुने र १५ लाख रुपियाँभन्दा कम लागतका टुक्रे योजना कटौती गर्ने जनाएको छ । अहिले सरकारको नीति अनुरूप नै योजनाको सम्झौता र कार्यान्वयन गर्न लागिएको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले जनाएको छ । प्रदेश सरकारका एक सय बहुवर्षीय योजना कार्यान्वयन भइरहेका छन् । आव २०७६/७७ बाट सुरु भई आव २०८०/८१ सम्म सम्पन्न हुनुपर्ने एक सय योजना हालसम्म पनि कार्यान्वयन भइरहेका छन् । ती योजना अन्तिम चरणमा पुगेको मन्त्रालयका सूचना अधिकारी कार्कीले जानकारी दिनुभयो । पछिल्लो समय विकास निर्माणका काममा प्रदेश सरकार ले चासो देखाएसँगै पूर्वाधार निर्माणका कामले गति लिएका छन् ।

**नौबुँदे प्रतिबद्धता**

प्रदेश सरकारले बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन नौ बुँदे प्रतिबद्धता गरेको छ। चालु आव २०८१/८२ को बजेट कार्यान्वयनबारे सरकारले यस्तो प्रतिबद्धता जनाइएको हो । प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलको अध्यक्षतामा मन्त्री, प्रमुख सचिव, सचिव र कार्यालय प्रमुखको तर्फबाट चालु आवको बजेट कार्यान्वयन गर्न सामूहिक प्रतिबद्धता गरिएको हो । जसमा प्रदेश सरकार अन्तर्गतका जिल्लास्थित सबै कार्यालयले चालु आव २०८१/८२ को स्वीकृत बजेट तथा कार्यक्रममा रहेका योजनाको विवरण, योजनाको नाम, कार्यान्वयन हुने स्थान, कार्यान्वयन अवधि तथा विधि, बजेट साउन मसान्तभित्र सम्बन्धित स्थानीय तहलाई जानकारी तथा कार्यान्वयन सहजीकरणका लागि पत्राचार गर्ने उल्लेख गरिएको छ । पुँजीगत बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन उक्त योजना पहिलो प्रतिबद्धताका रूपमा राखिएको हो ।

# टहराभित्र उम्रेनन् जमरा

नमस्ते समचारदाता
रुकुम पश्चिम, कार्तिक/०२



दसैं आएपछि घर लिपपोत गर्ने, नयाँ कपडा किन्ने, खसीबोका ल्याउने, मिठोमसिनो ल्याउने, पकाउने काम हुन्थ्यो । गाउँघरमा पिङ खेल्ने, नाचगान गर्ने, खेलकुदका कार्यक्रममा सहभागी हुनेलगायतका गतिविधिले गाउँको दसैं उल्लासमय हुन्थ्यो तर यस पटकको दसैंमा रुकुमपश्चिम र जाजरकोटका अधिकांश भूकम्पपीडितका बस्तीमा खासै चाडबाडको खुसी र उमङ्ग देखिएन। गत वर्ष तिहार नआउँदै जाजरकोट केन्द्रविन्दु भएर आएको भूकम्पले ठुलो मानवीय र भौतिक क्षति पुऱ्यायो । दुवै जिल्लामा भूकम्पमा परी १५४ जनाको ज्यान गयो, करिब ७५ हजार परिवार प्रभावित भए। कुनै घर सग्ला रहेनन् । विक्षिप्त मन अझै लयमा फर्कन सकेको छैन। परिवारका सदस्य गुमाएकाले शोकका कारण यस वर्षको दसैं मनाएनन्। घरबास भत्केर टहरामा आश्रय लिएकाले पनि दसैंका लागि जमरासम्म राख्न नसकेको बताएका छन् । आठबिसकोट नगरपालिका-११, फारुलागाउँका नरबहादुर खड्काले आफ्नो संयुक्त परिवार टहराभित्र कोचिएर बस्नु परेकाले जमरा राख्न सम्म नसकिएको बताउनुभयो । खड्काले दुःखेसो पोख्नुभयो, "अस्थायी टहरामा कसरी दसैं मनाउनु जस्तो भयो । टहराभित्र कोचिएर बस्नु परेको छ, कहाँ जमरा राख्नु ? हाम्रो दसैं त रित्तो भयो, खल्लो भयो । टहराभित्र राखेका जमरा पनि उम्रिन पाएनन् ।" भूकम्पपछि बनाएको टहरो पहिराले भत्काएपछि वर्षायाम त्रिपालमुनि बिताएको उहाँको परिवारले फेरि जसोतसो टहरो जोडेको छ । सानीभेरी गाउँपालिका-२, चाइनाबगरस्थित माइतीघर आउनुभएकी अमृता पुनले भूकम्पले चाडबाडको सबै रौनक मेटाइदिएको बताउनुभयो । भूकम्पमा परेर जेठो दाइ, भाउजू र सानो दाइको छोरा गुमाएको स्मरण गर्दै अमृताले माइती उजाडेको भूकम्पले घर र आँगनसमेत पाइला टेक्न नमिल्ने बनाएको बताउनुभयो । साँघुरो टिनको टहरामा आएर माइती भेट्नबाहेक गाउँमा चाडबाडको प्रभाव नरहेको उहाँको अनुभव छ। भूकम्पपीडितले करिब एक वर्षदेखि सास्तीपूर्वक दिनरात बिताउनुपरेको गुनासो गरेका छन्। स्थायी आवास नबन्दासम्म दसैं आउनु र नआउनुमा फरक नभएको पीडितको भनाइ छ । भूकम्पले सबैभन्दा बढी प्रभावित बनेको यहाँको आठबिसकोट नगरपालिकाका प्रमुख रवि केसीले यस वर्षको दसैं उल्लासमय हुन नसकेको बताउनुभयो। भूकम्पको पीडामाथि बाढी पहिरोसमेतले पीडा थपेकाले मनमा उमङ्ग भरेर पीडितले दसैं मनाउन नसकेको उहाँको भनाइ छ । कतिपयले घरमा जमरासम्म राख्न नसकेको नगरप्रमुख केसीले उल्लेख गर्नुभयो । चौरजहारी नगरपालिकाका प्रमुख पुष्प वादीले आफ्नो परिवारले पनि टहरामै खाँदिएर दसैं मनाउन बाध्य भएको जनाउनुभयो। सुरुका तीन महिना त्रिपालमा गुजारेको र त्यसपछि टहरामा नै सबै परिवार बस्नु परेको उहाँको भनाइ छ । घरसँग मनसमेत जोडिएको हुनाले घरबास गुमाएकाले यस पटक विगतका वर्षमा जसरी खुसीका साथ दसैं मनाउन नसकेको उहाँले बताउनुभयो। गत वर्षको तिहार को मुखमा आएको विपत्तिले त्यसयताका हरेक चाडपर्वको रमझम खोसिदिएको छ । अधिकांशले टहरामा जमरा नै नराखेकाले दसैं आएर गएको जस्तो नै नलागेको बताएका छन् । आठबिसकोट नगरपालिका-१३ का रमेश मल्लले टिनले बेरेको एउटै कोठामा सिङ्गो परिवार खाने, सुत्नेदेखि घरका सबै सामग्री थन्काउने गरेको बताउनुभयो। उहाँले स्थायी घर बनेपछि खुसीका साथ चाडपर्व मनाउन सकिने उल्लेख गर्नुभयो।

संबिधानको रक्षार्थ सबै जुटौं

- संविधान देशको मुल कानून तथा राजनीतिक र सामाजिक सहमतिको दस्तावेज हो ।
- संबिधान प्रदत्त जनताको हक र अधिकारको रक्षा गर्नु सबैको कर्तब्य हो।
- संबिधानको मर्मअनुरुप निर्माण गरिएका कानूनले राज्यका निकायहरूको क्षेत्राधिकार निर्धारण गरी नागरिक अधिकारलाई रक्षा गरेको हुन्छ ।
- संविधानसँग बाझिने कानून, नीति तथा विधिहरू अमान्य हुन्छन्।

त्यसैले संबिधानको पालना गर्नु सबैको कर्तब्य हो

नेपाल सरकार
विज्ञापन बोर्ड

# दाङमा टिपर दुर्घटना हुँदा चालकको मृत्यु



नमस्ते समचारदाता
दाङ, कार्तिक/०२

दाङमा टिपर दुर्घटनामा चालकको मृत्यु भएको छ । घोराही तापा सडक खण्डअन्तर्गत बङ्गलाचुली गाउँपालिका ४ जुम्लेपानीमा गए राती रा १ ख १८५७ नम्बरको टिपर दुर्घटनामा चालकको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय दाङका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक ईश्वर थापाले जानकारी दिनुभएको छ । प्रहरी नायब उपरीक्षक थापाका अनुसार मृत्यु हुनेमा गढवा गाउँपालिका ७ निवासी प्रभु चौधरी रहनुभएको छ। चुनढुङ्गा लिन जान लगेको टिपर घोराही तापा सडक खण्डअन्तर्गत जुम्लेपानीमा सडकदेखि करिब १०० मिटर तल खसेको प्रहरीले जनाएको छ।

संबिधानले ब्यवस्था गरेका नागरिकका कर्तब्यहरू

- राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु,
- संबिधान र कानूनको पालना गर्नु,
- राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु,
- सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु,

जस्ता नागरिक कर्तब्यको पालना गरौं, जिम्मेवार नागरिकको परिचय दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके